**आर्थिक विधेयक २०६८**

**अनुसूची-३**

**आ.व. २०६८।६९ का लागि सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर**

**(क) सडक निर्माण तथा सम्भार दस्तुर**

१. देहायका सवारी साधन दर्ताका बखत देहाय बमोजिको सडक निर्माण तथा सम्भार दस्तुर लाग्नेछ :-

| सवारी साधनको किसिम | दस्तुर |
|---|---|
| (क) कार, जीप, भ्यान, माइक्रोबस, बस, ट्रक , ट्रिपर, ट्रकमिक्सचर, मिनीबस, मिनीट्रक तथा मिनीटिपर | मूल्यको ५ प्रतिशत |
| (ख) मोटरसाइकल प्रति थान | रू. ६,०००।- |
| तर, कूटनैतिक नियोग तथा कूटनैतिक सुविधा प्राप्त व्यक्ति, दमकल, एम्बुलेन्स र शव बाहनलाई यस्तो दस्तुर लाग्ने छैन । स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "मूल्य" भन्नाले आन्तरिक खरिदको हकमा मूल्य अभिवृद्धि कर सहितको बिजक मूल्य र पैठारीको हकमा भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर तथा भन्सार बिन्दुमा लाग्ने सबै प्रकारका दस्तुर र शुल्क समावेश भएको मूल्य सम्झनु पर्छ । | |

**(ख) सवारी साधन कर**

१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :-

| सवारीको किसिम | वार्षिक कर दर |
|---|---|
| (क) कार, जिप, भ्यान, माइक्रो बस | |
| (अ) १००० सी.सी सम्म | रू.१६,५००।- |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | रू.१८,०००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रू.२०,०००।- |
| (ई २००१ सी.सी. देखि २९०० सी.सी. सम्म | रू.२७,५००।- |
| (उ) २९०१ सी.सी. देखि माथि सबै | रू.४४,०००।- |
| (ख) (१)डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रू.२६,०००।- |
| (२) मिनीटिपर | रू.१६,९००।- |
| (ग) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | रू.४,४००।- |
| (आ) ट्रेक्टर | रू.२,८००।- |
| (ई पावर टिलर | रू.२,३००।- |
| (घ) मिनिट्रक/मिनिबस | रू.१४,३००।- |
| (ङ) ट्रक/बस | रू.२२,०००।- |
| (च) मोटर साइकल | |
| (अ) १२५ सी.सी. सम्मको | रू.२,०००।- |
| (आ) १२६ सी.सी. देखि २५० सी.सी. सम्म | रू.३,५००।- |
| (इ) २५१ सी.सी. र सो देखि माथि | रू.५,०००।- |

२. भाडामा दर्ता भएका सवारी-साधनमा देहाय बमोजिम सवारीसाधन कर लाग्नेछ :-

| सवारीको किसिम | वार्षिक कर दर |
|---|---|
| (क) कार, जिप, भ्यान, माइक्रो बस | |
| (अ) १३०० सी.सी.सम्म | रू.५,०००।- |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी.सम्म | रू.६,०००।- |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रू.७,५००।- |
| (ई २९०१ सी.सी.देखि ४००० सी.सी.सम्म | रू.९,६००।- |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रू.११,८००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर,क्रेन जस्ता मेशिनरी उपकरण | रू.१२,५००।- |
| (ग) अटोरिक्सा,थ्री ह्वीलर, टेम्पो,इन्धनको प्रकार अनुसार वार्षिक कर दर | |
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | रू.२,९००।- |
| (आ) ट्रेक्टर | रू.१,४५०।- |
| (ई पावर टिलर | रू.१,१५०।- |
| (घ) मिनीट्रक, मिनीबस | रू.८,२००।- |
| (ङ) ट्रक, बस | रू.१०,६००।- |

३. सरकारी नम्बर प्लेट भएका सवारी साधनलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ ।

४. विद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा २० प्रतिशत छुटहुनेछ ।

५. शुरू पैठारी मितिले १ वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन ।

६. सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन ।

७. काठमाडौं उपत्यकामा सञ्चालन भएका उत्पादनका मितिले १५ वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा १५ वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशत का दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम उक्त सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन ।

८. भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनहरूले लाग्ने सवारी साधन करमा विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुटदिएबापत तिर्नु पर्ने करमा साठी प्रतिशत छुटपाउनेछन् ।

९. जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रूपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नविकरण गराउन सक्नेछन् ।

१०. सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नु पर्ने सवारी साधन कर लाग्ने छैन ।

११. दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा सव वहानलाई सवारी साधन कर लाग्ने छैन ।

१२. विद्युत, सोलार वा व्याट्रिबाट चल्ने सवारी साधनमा सडक निर्माण तथा संभार दस्तुर पचास प्रतिशत छुट हुनेछ ।

१३. रू. बीस लाखभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेक ( Account Payee Cheque) बाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ ।

१४. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अपाङ्गहरूले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर र सडक निर्माण तथा संभार दस्तुर लाग्ने छैन ।